सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

(प. लि. द. नं. १४८७९६/०७२/७३)

वि.सं. २०८३ साल आश्विन ३० गते शुक्रबारका दिन कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न भएको

एघारौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय विवरण पुस्तिका

Minutes of 11th Annual General Meeting

(क) पृष्ठभूमि

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको एघारौं वार्षिक साधारण सभा मिति २०८३ साल आश्विन ३० गते (तदनुसार अक्टोबर १६, २०२६) शुक्रबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, चण्डोल, काठमाण्डौ स्थित कुण्डलिनी दरबार ब्याङ्क्वेटमा सम्पन्न भयो। वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भएको थियो। साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापन तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित ताप्लेजुङ जिल्ला अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजनासँग सम्बन्धित विभिन्न गतिविधि लगायत कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा श्रव्य-दृष्य मार्फत जानकारीका जानकारी गराइयो। तत्पश्चात साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो। साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णय गरी दिनको १२:१० बजे समापन भएको थियो।

(१) सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३ साल आश्विन ०७ (तदनुसार २३ सेप्टेम्बर, २०२६) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस एघारौं वार्षिक साधारण सभाको जानकारीका लागि मिति २०८३ आश्विन ०८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र २०८३ आश्विन २० गतेको आर्थिक राष्ट्रिय दैनिकमा दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो। साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेवसाईट www.middletamor.com मा पनि राखिएको थियो।

(२) उपस्थिति :

(अ) सञ्चालकहरूको उपस्थिति

श्री विनय कुमार श्रेष्ठ	सञ्चालक/अध्यक्ष

श्री शिव कुमार बस्नेत (प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.)	सञ्चालक
श्रीमती सुमना न्यौपाने (प्रतिनिधि सानिमा हाइड्रोपावर लि.)	सञ्चालक
श्री विनोद ओझा	सञ्चालक
डा. भरत कुमार थापा	सञ्चालक
श्री सौरभ अग्रवाल	सञ्चालक
श्री सुबास चन्द्र सुनुवार	स्वतन्त्र-सञ्चालक

(आ) कम्पनीका पदाधिकारीको उपस्थिति

श्री सुदिप रोका	महाप्रबन्धक
श्री समिक्षा अधिकारी	कम्पनी सचिव
श्री मणि राज पोखरेल	आयोजना संयोजक
श्री अर्विन्द्र श्रेष्ठ	प्रमुख प्रशासन, मानव संशाधन तथा वातावरण
श्री सुवास श्रेष्ठ	वित्त प्रमुख

(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :

श्री विकास खनाल	प्रतिनिधि शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि.
श्री सचेत लाल श्रेष्ठ	प्रतिनिधि, पी.एल. श्रेष्ठ एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्

(ई) शेयरधनीहरूको उपस्थितिः

१. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत)	- ३१९ जना
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या	- ३८ जना
३. जम्मा उपस्थित संख्या	- ३५७ जना

(३) एघारौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरूः

साधारण सभामा निम्न विषयहरूमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो:

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

(क) साधारण प्रस्तावहरू:

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत एघारौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन सहित २०८३ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, एवं तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट कर सहित ५.२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने ।

४. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।

५. सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्तावहरू:

१. कम्पनीको प्रबन्धपत्रको दफा ३, ४(१)(छ), ६ (ङ) र (च), ८ (ख) तथा नियमावलिको नियम ३१ (१) र (२) संशोधन गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलिमा नियमानुसार संशोधनको स्वीकृति तथा अभिलेखका सम्बन्धमा नियमनकारी वा नियामक निकाय/कार्यालयबाट कुनै फेरबदल/परिवर्तन वा परिमार्जन गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन र अन्य आवश्यक कार्यहरू गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

(४) **गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

विवरण	कूल संख्या	स्वयम् उपस्थिति	प्रतिनिधि	जम्मा	उपस्थितिको प्रतिशत
शेयरधनी संख्या	२,२३,७५१	३१९	३८	३५७	०.१६४
कम्पनीको शेयर संख्या	३,३३,२४,९७०	१,५९,७६,१११	२७,४१,२७६	१,८७,१७,३८४	५६.१६

(ख) सभाको वैधानिकता

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान रहेको छ । त्यस बमोजिम कम्पनीको एघारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने

Sanima Middle Tamor Hydropower Limited * Kathmandu * SMTHPL

शेयरधनीहरूको संख्या ३५७ भएको र कूल बाँडफाँड भएको ५६.१६ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भई, एघारौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

(ग) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित ताप्लेजुङ्ग जिल्लामा अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको सञ्चालन अवस्था, मर्मत सम्भार, अन्य आवश्यक निर्माण कार्य, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका आयोजनाको विस्तृत विवरण श्रव्य-दृष्य (अडियो-भिडियो) को माध्यमद्वारा शेयरधनीहरूलाई जानकारी गराइयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८३ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८२/०८३ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

(अ) श्री चन्द्र नारायण श्रेष्ठ

यस वर्ष कम्पनीले ५.२६३ प्रतिशत नगद लाभांश दिने प्रस्ताव ल्याएको छ, यसका लागि धन्यवाद । आगामी वर्षहरूमा समेत निरन्तर लाभांश, बोनस शेयर गर्दै भवीष्यमा शेयरधनीहरूलाई लगानीको अवसर प्रदान गर्नेमा विश्वास राख्दछु । धेरै विषयका सम्बन्धमा कम्पनीको वार्षिक प्रतिवेदन, अध्यक्षको मन्तव्यबाट तथा श्रव्य-दृश्य प्रस्तुतीकरणबाट यथार्थ विवरण पाइसकेको छु । Other Income मा के-के पर्दछ प्रष्ट पारिदिनुहोला । अरू कम्पनीको शेयरमा लगानी गर्न उद्देश्य थप्न लागेको राम्रो ठानेको छु । आगामी विजयादशमी तथा दिपावलिको शुभकामना ।

(आ) श्री ब्रम्हदेव शाक्य

आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्रै वार्षिक साधारण सभा बोलाएकोमा आभार व्यक्त गर्दछु । यस कुराले संस्थामा संस्थागत सुशासन कायम रहेको पुष्टि गर्दछ । यस कम्पनीले सभामा ५.२६३ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ, त्यस प्रस्तावको समथैन गर्दै यस्तो प्रस्ताव ल्याउन कार्य सम्पादन गर्ने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनहरूमा नगदको सँग सँगै बोनस शेयर पनि वितरण गर्ने निति बनाउन सुझाव राख्दछु । आजको सभामा पेश गरिएका सम्पूर्ण प्रस्तावहरूमा समर्थन रहेको अवगत गर्दै यस कम्पनीको उत्तर उत्तर प्रगतिको कामना गर्दछु, धन्यवाद ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

(इ) श्री इन्द्र कृष्ण श्रेष्ठ
साधारण सभा अन्य कम्पनीसँग नजुध्ने गरी बोलाइदिनुहुन अनुरोध गर्न चाहन्छु । कम्पनीको के कस्तो प्रगति भइरहेको छ भनी श्रव्य-दृश्यबाट देखानु भएको धेरै धेरै धन्यवाद । यस कम्पनीका अध्यक्ष, सञ्चालक लगायत व्यवस्थापन इमान्दार तथा सक्षम भएर नै आज ५.२६३ प्रतिशत नगद लाभांशको प्रस्ताव आएको छ ।

(ई) श्री विशेष अमात्य (प्रतिनिधिः नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड)

उपस्थित सम्पूर्णमा नमस्कार । मेरो सुझाव तथा प्रश्नहरू निम्नानुसार छन्:

- यस क्षेत्रमा ठूलो जोखिम भने कै Interest Rate Volatility मा हुन्छ । कम्पनीले Risk घटाउन र Equity Investor को लगानी सुरक्षित गर्नलाई कम्पनीले Interest Rate Fix गर्ने विषयमा Plan गरिरहेको छ कि छैन ?
- बैंकमा Debt Service Reserve खातामा रकम राखिएको भए तापनि उक्त रकमबाट अपेक्षित आम्दानी प्राप्त नभइरहेको सन्दर्भमा, उक्त रकम अन्य कम्पनीको शेयरमा लगानी गर्न सकिने सम्भावना वा सो रकमको उपयोग मार्फत यसै साधारण सभामा थप १० प्रतिशत लाभांश वितरण गर्न सकिने अवस्था थियो वा थिएन ? भन्ने विषयमा जिज्ञासा तथा सुझाव व्यक्त गर्दछु ।
- सानिमा ग्रुपको अन्य निर्माणाधिन आयोजनाहरूमा लगानी विस्तार गर्न अनुरोध छ ।
- आयोजनाको हालको प्रसारण सम्बन्धी वैकल्पिक व्यवस्था हट्ने समयावधिका सम्बन्धमा स्पष्ट पारिदिनुहोला । मिति २०८२ साल चैत्रमा ढुङ्गेसाँघु सवस्टेशन विस्तारका सम्बन्धमा नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भए पश्चात सो सम्बन्धमा भएको प्रगतीका बारेमा जानकारी गराइदिनु होला ।

शेयरधनीहरू श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री सुरेन्द्र चिमौरिया, श्री डमरू बल्लभ घिमिरे, श्री बैजुनाथ रौनियार, श्री सुदिप श्रेष्ठ, श्री गोबिन्द बहादुर के.सी., श्री भेष राज भण्डारी, श्री जगन्नाथ आचार्य, श्री इन्द्र प्रसाद लामिछाने, श्री शत्रुधन श्रेष्ठ, श्री निरूपमा गुप्ता र श्री युगल बस्यालले लिखित मन्तव्य राख्नु भएको थियो ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा प्रष्ट पार्दै सम्बन्धित विषयमा सभा अक्ष्यक्षज्यूले निम्नानुसार जवाफ दिनु भयो ।

श्री विनय कुमार श्रेष्ठ - सञ्चालक/अध्यक्ष
यस कम्पनी प्रति माया, सद्भाव तथा मार्ग निर्देशन व्यक्त गर्नु भएकोमा सबै शेयरधनीहरू प्रति आभार व्यक्त गर्दै, शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- बैंकहरुसँगको ऋणको ब्याजदर (Interest Rate) पुनरावलोकन गरी Fix गर्ने सम्बन्धमा आवश्यक पहल तथा छलफल भइरहेको छ ।

- ढुङ्गेसाँघु सवस्टेशन विस्तारका सम्बन्धमा नेपाल विद्युत प्रधिकरणले बोलपत्र आह्वाान गरी प्राप्त बोलपत्रहरुमध्ये छनौटमा परेको M/s AONE–PISCESIA JV सँग ठेक्का सम्झौता प्रकृयाका लागि नेपाल विद्युत प्राधिकरणबाट आशयपत्र समेत जारी भइसकेको छ ।
- अन्य निमाणाधिन आयोजनाहरूमा लगानी गर्ने सम्बन्धमा लगानीका लागि उपयुक्त अवसर प्राप्त भएको खण्डमा सञ्चालक समितिको निर्णयानुसार अघि बढिनेछ ।

श्री सुदिप रोका - महाप्रबन्धक
यस साधारण सभामा शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हृदय देखि धन्यवाद दिन चाहन्छु । यहाँहरूले उठाउनु भएका जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूले जवाफ दिईसक्नु भएको छ तथापि म थप केहि प्रष्ट पार्न चाहन्छु ।

- कम्पनीको Other income मा ईन्स्योरेन्स claim बापतको प्राप्त भएको रकम रहेको छ ।
- यस कम्पनीले बैकहरूसँग गरेको बैंक कर्जा सम्झौता बमोजिम दुई त्रैमास बराबरको साँवा र व्याज भुक्तानी गर्न पर्ने रकम जगेडा सञ्चित गर्नुपर्ने व्यवस्था रहेको हुँदा Debt Service Reserve खातामा रहेको रकमले अन्य कम्पनीको शेयरमा लगानी गर्न सकिने अवस्था नरहको ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(घ) सभाको निर्णयहरू :

निर्णयार्थ एघारौं वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरू सभाबाट निम्नानुसार पारित भए ।

(क) साधारण प्रस्तावहरू:

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत एघारौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा सो सम्बन्धी प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

२. कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन सहित २०८३ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, एवं तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।
कम्पनीको २०८३ साल आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, वार्षिक नाफा नोक्सानको हिसाब, नगद प्रवाहको विवरण एवं तत् सम्बन्धी अनुसूचीहरूका साथै आ.व. २०८२/०८३ को लेखापरीक्षकको प्रतिवेदन साधारण सभाको विषय सूचीसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ.व. २०८२/०८३ को वार्षिक आर्थिक विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरू पारित गरियो ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट कर सहित ५.२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

सञ्चालक समितिले सिफारिस गरे अनुसार यस एघारौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको कारोबार हुने अघिल्लो दिनमा कायम कम्पनीका शेयरधनीहरुलाई आ.व. २०८२/०८३ सम्मको वित्तिय विवरणमा उल्लेख गरिए बमोजिम वितरण योग्य सञ्चित खुद मुनाफाबाट कम्पनीको चुक्ता पूँजीको ५.२६३ प्रतिशत नगद लाभांश (कर सहित) तपसिल अनुसार वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

तालिका ३

क्र.सं.	विवरण	रकम (रू.)
१	कर सहित जम्मा लाभांश	१७,५३,९४,५७९.००
२	लाभांश वितरण बापतको कर	८७,६९,७२९.००
३	खुद लाभांश	१६,६६,२४,८५०.००

४. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८३/०८४ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था P.L. Shrestha & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रू. २,५४,१००/- (अक्षरेपी: दुई लाख चौवन्न हजार एक सय रूपैंया मात्र) पारिश्रमिक तोकि पुनः लेखापरीक्षकमा नियुक्तिको लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८३/०८४ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

५. सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

यस कम्पनीको आठौं बार्षिक साधारण सभाबाट नियुक्त हुनुभएका कम्पनीका सञ्चालक श्री सुशिल कुमार ओझालज्यूले दिनु भएको राजिनामा स्वीकृत भई रिक्त हुन आएको सञ्चालक पदमा मिति २०८३ बैशाख ११ गते बसेको सञ्चालक समितिको निर्णयानुसार यस कम्पनीका शेयरधनी वीरगन्ज उ.म.न.पा.-९ स्थायी ठेगाना भएका श्री सौरभ अग्रवालज्यूलाई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम नियुक्त गरेको कार्यलाई अनुमोदन गरी बाँकी कार्यकाल सम्मका लागि निरन्तरता दिने प्रस्तावलाई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(ख) विशेष प्रस्तावहरू:

१. कम्पनीको प्रबन्धपत्रको दफा ३, ४(१)(छ), ६ (ङ) र (च), ८ (ख) तथा नियमावलिको नियम ३१ (१) र (२) संशोधन गर्ने ।

कम्पनीको व्यवसायिक विस्तारका लागि कम्पनीको उद्देश्यमा थप गरी सोही बमोजिम प्रबन्धपत्रको दफा ३ र ४(१) मा निम्नानुसार संशोधन गर्ने र धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम यस कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्कासन भएको मितिले तीन वर्ष पछि संस्थापक लगायतका सबै समूहको शेयरको लकइन अवधि समाप्त भई रोक्का फुकुवा भए पश्चात् कम्पनीको सबै शेयरको कारोबार एउटै ISIN (International Securities Identification Number) बाट हुने भई शेयरधनीहरूको समूह विभाजनको आवश्यकता नरहेकोले, यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा रहेको शेयरधनीको समूह सम्बन्धी प्रावधानहरु लागु नहुने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ङ) र ६ (च), ८ (ख) र नियमावलीको नियम ३१ (२) हटाउने तथा नियमावलीको नियम ३१ (१) मा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

तपसिल

कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनहरू:

(क) प्रबन्धपत्रको दफा ३, को सट्टा देहाय दफा ३ कायम गर्ने दफा ४ को उपदफा (१) को खण्ड (च) पछि (छ) थप गर्ने तथा दफा ६ को (ङ), (च) र दफा ८ को (ख) हटाउने ।

दफा ३: प्रचलित ऐन तथा यस प्रबन्धपत्र र नियमावलीको अधिनमा रहि जलविद्युत आयोजनाको निर्माण, विद्युतको उत्पादन तथा बिक्री वितरण गर्ने, निर्माण व्यवसाय सम्बन्धी कार्यहरू गर्ने, गराउने तथा विभिन्न कम्पनीहरूको शेयरमा लगानी गर्ने ।

दफा ४(१)(छ): प्रचलित कानुन बमोजिम विभिन्न कम्पनीहरूको शेयरमा लगानी गर्ने र यस कम्पनीको नाममा रहेको शेयर बिक्री गर्ने ।

दफा ६ (ङ) र ६ (च), ८ (ख): हटाउने ।

कम्पनीको नियमावलिमा भएको संशोधनहरू:

(ख) नियमावलिको नियम ३१ को उपनियम (१) को सट्टा देहाय उपनियम (१) कायम गर्ने र उपनियम (२) हटाउने ।

नियम ३१(१): यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । जसमा शेयरधनीहरुको तर्फबाट मनोनित प्रकृया वा आपसी सहमति वा निर्वाचन प्रकृयाद्वारा नियुक्त १ (एक) जना महिला सहित ६(छ) जना र १(एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्नेछन् ।

नियम ३१(२) : हटाउने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलिमा नियमानुसार संशोधनको स्वीकृति तथा अभिलेखका सम्बन्धमा नियमनकारी वा नियामक निकाय/कार्यालयबाट कुनै फेरबदल/परिवर्तन वा परिमार्जन गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन र अन्य आवश्यक कार्यहरू गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन अभिलेख गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय कार्यालयबाट कुनै फेरबदल/ संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही अनुरुप आवश्यक फेरबदल/ संशोधन/परिमार्जन गर्न वा मिलाउन कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

ग. विविध

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

धन्यवाद र सभा विसर्जन

सभा अध्यक्षज्यूले यस कम्पनीको एघारौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सुचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू र कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस एघारौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

....	....
श्री विनय कुमार श्रेष्ठ	समिक्षा अधिकारी
सञ्चालक/अध्यक्ष	कम्पनी सचिव